अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८३।०७।१२ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी मदन प्रसाद देवकोटासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट यातायात व्यवस्था कार्यालय, जुम्लाका तत्कालीन निमित्त कार्यालय प्रमुख मदन प्रसाद देवकोटासमेतका प्रतिवादीहरू उपर सरकारी कागजात सच्याई परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिमको कसुरमा सोही ऐनको दफा ११ र दफा १३ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतको मिति २०८२।१२।२४ को फैसलाबाट सफाई दिएकोले उक्त फैसलाउपर चित्त नबुझी मिति २०८३।०७।१२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु यातायात व्यवस्था कार्यालय, जुम्लाका तत्कालीन निमित्त कार्यालय प्रमुख **मदन प्रसाद देवकोटा समेत ६ जना** मु.नं (०८२-CR-००९३) फैसला मिति २०८२।१२।२४	सरकारी कागजात सच्याई परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको।	**आयोगको माग दावी** • यातायात व्यवस्था कार्यालय जुम्लाका तत्कालीन निमित्त कार्यालय प्रमुख प्रतिवादी **मदन प्रसाद देवकोटा**, जिल्ला प्रहरी कार्यालय जुम्लाका तत्कालीन प्रहरी नायव निरीक्षक प्रतिवादी **गंगाराम वि.क. भन्ने गंगाराम विश्वकर्मा,** यातायात व्यवस्था कार्यालय जुम्लाका तत्कालीन मेकानिकल सुपरभाइजर प्रतिवादी **शम्भु दाहाल**, यातायात व्यवस्था कार्यालय जुम्लाका तत्कालीन नायब सुब्बा प्रतिवादी **धनसिहं थापा**, यातायात व्यवस्था कार्यालय जुम्लाका तत्कालीन कम्प्युटर अपरेटर प्रतिवादी **जागेश्वर थारु** र यातायात व्यवस्था कार्यालय जुम्लाका तत्कालीन खरिदार प्रतिवादी **मिलन बुढा थापा**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिमको कसुरमा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ११ र दफा १३ बमोजिम कैद र जरिवाना सजाय हुन समेतको मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छ।	**फैसलाः** प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** • प्रस्तुत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ को उपदफा (२) द्वारा निर्दिष्ट पाँच वर्ष हदम्याद व्यतीत भई सके पश्चात मुद्दा दायर भएको देखिएको। • प्रस्तुत मुद्दामा सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्व भएको सार्वजनिक संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने आरोपदावी नरहेको र प्रतिवादीहरु उपर विगोको दावी रहेको अवस्था समेत नदेखिएको।	• भ्रष्टाचारको कसुरको अनुसन्धान तथा आरोपत्रपत्र दायर गर्ने हदम्याद सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ र २९ मा स्पष्ट गरेको छ। कुनै कसुर उपर सजायको मागदावी लिई न्यायिक निकायमा दर्ता हुने मुद्दाको हदम्याद प्रारम्भमै हेरिने विषय हो। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट **प्रमिला राई श्रेष्ठ विरुद्ध नेपाल सरकार भएको** मुद्दा (ने.का.प२०६८ अंक १० नि.नं.८६९७) मा *"नक्कली प्रमाणपत्र पेश गरी त्यसबाट फाइदा वा सुविधा लिने व्यक्तिले सो फाइदा वा सुविधा लिइरहेसम्म र त्यस्तो फाइदा वा सुविधा नलिए पनि पेश गरेको सो नक्कली प्रमाणपत्रको अस्तित्व रहेसम्म नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित कसूर वारदातको निरन्तरता रही रहन्छ। त्यसकारण पनि यस्तोमा सीमित हदम्यादको कानूनी व्यवस्था प्रभावकारी हुन नसक्ने हुँदा वर्तमान भ्रष्टाचार निवारण कानूनमा हदम्यादको सीमित व्यवस्था नगरी खुल्ला हदम्याद राखिएको छ तर, पहिलाको वारदातको सम्बन्धमा साविक ऐनअनुसार कारवाही गर्दा पनि अभियुक्तलाई प्रत्यक्ष फाइदा पुग्ने गरी वा ऐनको उद्देश्य नै पराजीत हुने गरी कानूनी प्रावधानको व्याख्या अदालतले नगर्ने"* भन्ने सिद्धान्त प्रतिपादन भएको अवस्था समेतको प्रतिकूल हुने गरी विशेष अदालतबाट आरोपपत्र खारेज हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ। • यातायात व्यवस्था कार्यालयबाट सवारी चालक अनुमती पत्र प्राप्त गर्न लिईने लिखित तथा प्रयोगात्मक परीक्षा सञ्चालन सम्बन्धमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४९ को उपदफा (१) बमोजिम दरखास्त परेपछि दरखास्तवाला त्यस्तो सवारी चलाउन समर्थ छ छैन र निजलाई त्यस्तो सवारी वा सवारी सम्बन्धी ऐन, नियम तथा ट्राफिक सङ्केत सम्बन्धी सामान्य ज्ञान छ छैन भन्ने कुराको यकिन गर्न लिखित तथा प्रयोगात्मक परीक्षा लिनु पर्छ। सोही ऐनको दफा १५६ को उपदफा (१) बमोजिम यातायात व्यवस्था कार्यालयको प्रमुखको अध्यक्षतामा नेपाल सरकारले तोकिदिएको प्रहरी अधिकृत सदस्य र नेपाल सरकारले तोकेको विशेषज्ञ सदस्य रहेको तीन (३) सदस्यीय परीक्षा समितिको व्यवस्था रहेको देखिन्छ। यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (संशोधन सहित) को परिच्छेद-४ "सवारी चालक अनुमतिपत्र वितरण सम्बन्धी कार्यविधि" अन्तर्गत सोही निर्देशिकाको दफा १२ को बुँदा नं.१२.३ मा सवारी चालक अनुमतिपत्र प्राप्त गर्नको लागि दरखास्त दिने, बुँदा नं. १२.६ मा दरखास्तवाला नामावलीको प्रकाशन गर्ने, बुँदा नं. १२.८ मा प्रश्नपत्रको निर्माण गर्ने, बुँदा नं. १२.९ मा लिखित परीक्षा सञ्चालन गर्ने, बुँदा नं. १२.१० मा लिखित उत्तरपुस्तिका परीक्षण गर्ने, बुँदा नं.१२.११ मा लिखित उत्तरपुस्तिका रुजु गर्ने, बुँदा नं.१२.१२ मा लिखित उत्तरपुस्तिका नतिजा प्रकाशन गर्ने, बुँदा नं. १२.१५ मा प्रयोगात्मक परीक्षा सञ्चालनटोलीले सम्पूर्ण सदस्यको उपस्थितिमा अनिवार्य रूपमा परीक्षार्थीको कुल सङ्ख्या,प्रयोगात्मक परीक्षामा उपस्थित सङ्ख्या, अनुस्थित सङ्ख्या, उत्तीर्ण र अनुत्तीर्ण सङ्ख्यासमेत उल्लेख गरी फिल्डमा नै माइन्युट तयार गरी परीक्षार्थीको हाजिरी समेत संलग्न राखी परीक्षा समितिलाई सिफारिस सहित प्रतिवेदन पेस गर्नुपर्ने, विशेषज्ञ टोलीले पेस गरेकोप्रतिवेदनका आधारमा परीक्षा समितिले अन्तिम नतिजा प्रकाशित गर्ने, उक्त नतिजा कार्यालयको वेभसाइटमा समेत अनिवार्य राखी समितिबाट सिफारिस भएका योग्य परीक्षार्थीहरूको विवरण अधिकार प्राप्त अधिकारी वा निजले तोकेको अधिकारीले नतिजास्वीकृत गर्नुपर्ने, प्रयोगात्मक परीक्षामा उत्तीर्ण हुने निवेदकहरूको नतिजा कार्यालयमा कम्प्युटर इन्ट्री गराई रुजु गरी प्रमाणित गर्नुपर्नेछ भन्ने समेतको कानूनी व्यवस्थाका विपरीत कार्य गर्ने निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नुपर्नेमा आरोप दावी नै खारेज हुने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ।

					• सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावली विपरीत यातायात व्यवस्था कार्यालय जुम्लाको परीक्षा समितिको मिति २०७५/०५/२५ गतेको निर्णय अनुसार वर्ग A र K को सवारी चालक अनुमतिपत्रको **लिखित परीक्षा** मिति २०७५/०६/१४ र १५ गते सञ्चालन गर्ने गरी निर्णय भए बमोजिम करिव २३४६ जना अस्वाभाविक परीक्षार्थी सहभागी भएको देखिने अभिलेख रहेको र परीक्षा समितिको मिति २०७५/०६/२३ को निर्णय बमोजिम मिति २०७५ असोज १८, १९ र २० गते संचालन गरिएको वर्ग A र K को **प्रयोगात्मक** परीक्षामा जम्मा सहभागी सङख्या २२०६ जना अस्वाभाविक परीक्षार्थी सहभागी भएको देखिने अभिलेख यातायात व्यवस्था कार्यालय जुम्लावाट प्राप्त भएको देखिन्छ। यसै सन्दर्भमा, यातायात व्यवस्था सेवा कार्यालय, जुम्लाको च.नं. ३४५, मिति २०८१/१२/२० को पत्रानुसार "A Category को सवारी लाइसेन्स प्रयोगात्मक परीक्षाको लागि यस कार्यालयको उपलब्ध जनशक्ति र भौतिक संरचना अनुसार न्युनतम ५१ देखि अधिकतम २६५ जनाको सञ्चालन हुने गरेको छ। यस कार्यालयबाट वितरण हुने A Category को सवारी लाइसेन्स प्रयोगात्मक परीक्षाको लागि यस कार्यालयको उपलब्ध जनशक्ति र भौतिक संरचना अनुसार न्युनतम २०० देखि अधिकतम २५० जनाको सञ्चालन सम्भव छ" भन्ने व्यहोरा पत्रमार्फत खुलाई लेखि पठाएको तथ्यबाट अस्वाभाविक तथा असम्भव जम्मा संख्या २२०६ जना परीक्षार्थीहरुको ३ दिनको अवधीमा प्रयोगात्मक परीक्षा संचालन गरेको देखिने गरी भए गरेको वास्तविक परीक्षामा सहभागी संख्यामा थपघट हेरफेर गरी गराई निर्धारित मापदण्ड र मर्यादा विपरीत परीक्षामा सहभागी भएको देखाई सोही बमोजिम लिखतहरु तयार गरी गराई परीक्षाको परिमाण फेरबदल गरेको तथ्य पुष्टि भएबाट यी प्रतिवादीहरुको मिलेमतोमा सरकारी कागजात सच्याई परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको तथ्यमा विवाद नदेखिँदा नदेखिँदै प्रतिवादीहरु उपरको आरोप दावी नै खारेज हुने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ। • प्रस्तुत मुद्दामा प्रतिवादीहरुले एउटै रजिष्ट्रेशन नम्बरमा दुईजना परीक्षार्थीहरुलाई लिखित परीक्षामा सहभागी गराई पास गराएको, लिखित उत्तरपुस्तिकाको पछाडि 'Pass गराउनु पर्ने' भनी लेखिएको अवस्था रहेको, लिखित उत्तरपुस्तिकामा पास जनाईएको परीक्षार्थीलाई लिखित नतिजा चेकलिष्टमा फेल गराईएको, लिखित उत्तरपुस्तिकाको उत्तरमा ठिक चिन्ह (√) नलगाई डट (·) लगाएको भएता पनि पास गराईएको, लिखित परीक्षामा अनुपस्थित भएका परीक्षार्थीहरुलाई प्रयोगात्मक परीक्षामा सहभागी गराएको, प्रयोगात्मक परीक्षाको नतिजा चेकलिष्टमा फेल जनाइएता पनि सवारी चालक अनुमतीपत्र जारी गराएको, प्रयोगात्मक परीक्षाको नतिजा चेकलिष्टमा अनुपस्थित भएता पनि सवारी चालक अनुमतीपत्र जारी गराएको, यातायात व्यवस्था कार्यालय जुम्लाका तत्कालीन निमित्त कार्यालय प्रमुखले User ID 467 प्रयोग गरी फेल/अनुपस्थित बाट पास मा edit गरी सवारी चालक अनुमती पत्र जारी गरेको जस्ता कार्यबाट यी प्रतिवादीहरुको बदनियत पुष्टि भएको अवस्थालाई अनदेखा गरी आरोपपत्र खारेज हुने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ। • अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा आरोप दावी खारेज हुने ठहर गरी विशेष अदालतबाट भएको त्रुटिपूर्ण फैसला बदर गरी प्रतिवादीहरु **मदन प्रसाद देवकोटा**, **गंगाराम वि.क. भन्ने गंगाराम विश्वकर्मा, शम्भु दाहाल**, **धनसिहं थापा**, **जागेश्वर थारु** र **मिलन बुढा थापा**लाई आरोप दावी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष सादर अनुरोध छ।